स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक


# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



रामबाबु गुरुङको निर्देशनमा निर्माण भएको फिल्म 'डिग्री माइला : एमए थर्ड क्लास'को छायांकन सकिएको छ । फिल्मको छायांकन ४५ दिनमा रुम्जाटार मा सकिएको हो । पहिलो चरणको छायांकन सकिएसँगै फिल्मको पोस्टर सार्वजनिक भएको थियो । दोस्रो चरणको छायांकन भने काठमाडौंबाट सुरु गर्दै ओखलढुंगाको रुम्जाटार पुगेर सकिएको हो । फिल्ममा दयाहाङ सँगै आँचल शर्मा, विजय बराल, माओत्से गुरुङ, बुद्धि तामाङ, प्रकाश घिमिरेलगायतको अभिनय रहेको छ । फल्म आगामी नेपाली नयाँ वर्षमा रिलिज हुनेछ ।

आजको विचार...



सहकारी संस्था...
(दुई पेजमा)

स्वयम्भुनाथ कार्की



म्युजिक भिडियोका व्यस्त निर्देशक माइकल चन्दले समसामयिक कथावस्तुमा कथानक फिल्म 'राम नाम सत्य : बिहाइन्ड द कर्टेन' बनाउने घोषणा गरेका छन् । घोषणा पोस्टर सार्वजनिक गर्दै उनले नेपाली र हिन्दी भाषामा फिल्म निर्माण हुन लागेको जानकारी दिए । नेपाल र भारतको राजस्थानका लोकेसनमा फिल्मको छायांकन वैशाखदेखि गर्ने तयारी छ । भारतीय बजारलाई समेत लक्षित गरी बनाउन लागिएको यो फिल्ममा केही भारतीय कलाकार समेत हुनेछन् । जसका लागि आउँदो साता चन्दसहितको टोली कास्टिङका लागि राजस्थानतर्फ जाने तयारीमा छ ।

❒ वर्ष २९ ❒ अंक १८० ❒ २०८० माघ १४ गते आइतबार 28 January 2024, Sunday ❒ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## सक्षिप्त समाचार

### सिकागोमा गोली चल्दा दुई विद्यार्थीको मृत्यु

(रासस/सिन्हुवा)

**सिकागो,** माघ १३/सिकागोको मध्यक्षेत्रमा शुक्रबार भएको सशस्त्र झडपमा दुई विद्यार्थीको मृत्यु भएको सिकागो प्रहरी तथा अग्नि नियन्त्रकले बताएका छन् ।

शिकागो ट्रिब्यूनको रिपोर्ट अनुसार मृतक विद्यार्थीहरू १६ र १७ वर्षका थिए । उनीहरू सहित विद्यालयका अन्य चार व्यक्तिहरू विद्यालयबाट फर्कँदै गर्दा दुई गाडीमा आएका केही व्यक्तिहरूको समूहले गाडीबाट भरी गोली हानेका थिए ।

मृतकलाई छातीमा गोली हानिएको र उनीहरूलाई गम्भीर अवस्थामा नर्थवेस्टर्न मेमोरियल अस्पतालमा लगेको केही समयपछि मृत घोषिणा गरिएको शिकागो फायर डिपार्टमेन्टका प्रवक्ता ल्यारी ल्याङफोर्डले बताए ।

प्रहरीले घटनाको अनुसन्धान गरिरहेको छ । स्थानीय सञ्चार माध्यमका अनुसार अप्रिल २०२३ मा शिकागोको मध्य क्षेत्र दुई किशोरहरूलाई गोली हानिएको थियो भने एक वर्ष अघि मिलेनियम पार्कको बीन मूर्तिकला नजिकै १६ वर्षीय बालकको गोली हानी हत्या गरिएको थियो ।

## चिसो मौसममा मुटु लगायत स्वास्थ्य समस्याबाट बच्न

- चिसोमा न्यानो कपडा लगाएर मात्र बाहिर निस्कौं,
- धुम्रपान, मद्यपान नगरौं,
- रुघाखोकी लाग्नबाट बचौं,
- चिल्लो तथा वोसोयुक्त खानेकुरा सकेसम्म नखाऔं,
- शारिरीक व्यायमलाई निरन्तरता दिऔं,
- दम, ह्दय रोग, मोटोपन, कोलेस्ट्रोल, रक्तचाप, मधुमेहजस्ता समस्या भएका व्यक्तिले समय समयमा स्वास्थ्य परीक्षण गरौं,

**जाडोको जोखिमबाट आफू पनि बचौं र अरूलाई पनि बचाऔं ।**

नेपाल सरकार
**विज्ञापन बोर्ड**

### नागरिक सहकारीको चौथो साधारण सभा

# सहकारीमार्फत उजाडिएका बस्ती बनाउन लागौं : सांसद राना

**रामचन्द्र रायमाझी**

**पाल्पा,** माघ १३/लुम्बिनी प्रदेशका सांसद तथा पूर्व मन्त्री वीरबहादुर रानाले सहकारीमार्फत उजाडिदै गएका बस्ती बनाउने दिशामा लाग्न सहकारी अभियान्ताहरुलाई आग्रह गरेका छन् । शनिबार श्री नागरिक बहुउद्देश्यीय सहकारी संस्थाको चौथो वार्षिक साधारण सभा तथा दोस्रो अधिवेशनलाई तानसेनमा सम्बोधन गर्दै सांसद रानाले पछिल्लो समय गाउँ बस्तीहरु उजाडिदै गएकाले सहकारी मार्फत हराभरा बनाउन सहकारी अभियान्ताहरुलाई आग्रह गरेका हुन् ।

गाउँमा रोजगारीका अवसर नहुँदा मानिसहरु गाउँ छोडेर शहर र विदेश पलायन हुँदा वस्तीहरु उजाडिदै गएकाले त्यसलाई रोक्न गाउँमै उद्यमशीलता र रोजगारका अवसरहरु सिर्जना गर्नु अहिलेको आवश्यकता रहेको उनले उल्लेख गरे । सांसद रानाले भने,'बस्तीहरु उजाडिएका छन्, ती बस्तीलाई कसरी हराभरा बनाउन सकिन्छ भन्नेतर्फ सोच्न आवश्यक छ ।' अब गाउँ-गाउँमा पुगेर महिला तथा युवाहरुलाई उद्यमशीलता र रोजगारसँग जोड्नु अहिलेको टड्कारो आवश्यकता रहेको उनले बताए । सहकारीले नीति र सिद्धान्नमा रहेर उद्यम र रोगजारीका क्षेत्रमा लगानी गर्न सांसद रानाले आग्रह गरे । सहकारीमार्फत उत्पादनका क्षेत्रमा लगानी गरेर गाउँ बस्तीमा उद्यम र स्वरोजगारका कार्यक्रमहरु गर्न सके गाउँलाई चहलपहल बनाउन सकिने उनको भनाई छ । सांसद रानाले अब बचत र ऋण मात्र प्रदान गर्ने होइन सहकारीले रोजगारी र उद्यमलाई समेत अगाडि बढाउनु अहिलेको आवश्यकता समेत रहको औल्याए । उनले गाउँका युवा र महिलाहरुलाई उत्पादन र उद्यमसँग जोडेर आत्मनिर्भर बनाउन सकियो भने मात्र मुलुकको समृद्धि हुने बताए । सांसद रानाले भने,'व्यक्तिको जीवनस्तर सुधार गर्नु अहिलेको आवश्यकता हो, व्यक्तिको अवस्था सुधार भए मात्र समाज र राष्ट्रको अवस्था सुधार हुन्छ ।' उनले सहकारी सबैको साझा संस्था भएकाले सहकारीमा आवद्ध सबै व्यक्तिहरुको जिम्मेवारी महत्वपूर्ण हुने धारण व्यक्त गरे । सांसद रानाले कुनै पनि संस्था दिगो र प्रभावकारी बन्न त्यहाँ रहेका व्यक्तिहरु इमान्दार, पारदर्शी र लोकतान्त्रिक चरित्र भएको हुनुपर्ने बताए ।





कार्यक्रममा नेपाली काँग्रेस पाल्पा सभापति हिमालदत्त श्रेष्ठले सहकारीले शेयर सदस्यहरुलाई उत्पादन र रोजगारसँग जोड्नुपर्ने बताए । उनले नागरिकहरुलाई आयआर्जनसँग जोडी आत्मनिर्भर बनाउने दिशामा ध्यान दिन सहकारीलाई आग्रह गरे । सभापति श्रेष्ठले संस्थालाई संस्थागत बनाउने कुरामा सबै सहकारी सञ्चालकहरु एक हुनुपर्नेमा समेत जोड दिए । उनले भने,'संस्थामा पद लिनु ठूलो कुरा होइन, कुशल जिम्मेवारी वहन गर्नु महत्वपूर्ण हो, त्यसैले सबैले आ-आफ्नो ठाउँबाट जिम्मेवारी पुरा गरौं ।' सहकारीका संस्थापक सल्लाहकार झपेन्द्र गहिरेले विपन्न नागरिकहरुको अवस्थाई मध्यनजर गरी सहकारीको स्थापना गरिएको बताए । उनले,'हामीले गाउँ-गाउँमा पुगेर आम नागरिकको अवस्था बुझ्यौं, जसको हातमा पैसा छैन उनीहरुको हातमा पैसा पुऱ्याएर गर्जो टार्ने उद्देश्य राखेर नागरिक सहकारी खोलेका हौं ।' जिल्ला बचत तथा ऋण सहकारी संस्था पाल्पाका अध्यक्ष जगदीश भट्टराईले छोटो समयमा नागरिक सहकारीले जिल्लाको वित्तिय क्षेत्रमा पुऱ्याएको योगदान महत्वपूर्ण रहेको बताए । उनले केही सहकारीहरुले उद्देश्य बहुउद्देश्यी राख्ने तर काम भने बचतको मात्र गर्ने गरेकाले कोही कतै समस्या उत्पन्न भएकाले त्यसो नगर्न सहकारीहरुलाई आग्रह गरे । अध्यक्ष भट्टराईले भने,'सहकारी ऐनले बहुउद्देश्यीय सहकारी संस्थाहरुलाई ३० प्रतिशत बचतको कारोबार गर्ने र ७० प्रतिशत बहुउद्देश्यीय कारोबार गर्ने भनेर स्पष्ट गरेको छ तर त्यसो नगर्दा समस्या आउने गरेको हो ।

संस्थाका अध्यक्ष झमन बहादुर राजमगरले आर्थिक वर्ष २०८०/०८१ का लागि कार्यक्रम तथा प्रस्तावहरु सभामा पेश गरेका थिए । उनले एक सदस्यले सदस्य थप गरी साथी जोडौं कार्यक्रम सञ्चालन गरी सदस्य संख्या ९ सय बनाउने, बचत संकलनमा मौजुदामा २० प्रतिशत वृद्धि गर्ने, कर्मचारी,शेयर सदस्य दुर्घटना विमा सञ्चालन गर्ने, शेयर सदस्यहरुलाई सहकारी शिक्षा सञ्चालन गर्ने, महिला र युवा लक्षित कार्यक्रम सञ्चालन गर्ने लगायतका प्रस्तावहरु पेश गरेका थिए । उक्त प्रस्तावहरु सर्वसम्मत रुपमा पारित गरिएको छ ।

कार्यक्रममा सहकारीका शेयर सदस्यहरु कृष्ण प्रसाद बस्याल, नन्द न्यौपाने, शम्भु पौड्याल लगायतले अध्यक्षले पेश गरेको प्रतिवेदनमाथि सुझाव राखेका थिए । संस्थाकी कोषाध्यक्ष सुनिता अधिकारीले आर्थिक प्रतिवेदन र लेखा सुपरिवेक्षक समितिका संयोजक महेश श्रेष्ठले लेखा प्रतिवेदन प्रस्तुत गरेका थिए । संस्थाका अध्यक्ष झमनबहादुर राजमगरको अध्यक्षता, उपाध्यक्ष रुक्मागत भट्टराईको स्वागत, सचिव अशेष भट्टराईको सञ्चालनमा कार्यक्रम भएको थियो ।

## समुदायमा काँग्रेस : महामन्त्री गगनले थाले मेची–महाकाली 'संवाद यात्रा'

**पाल्पा,** माघ १३/प्रमुख सत्तारुढ दल नेपाली काँग्रेसले वडा-वडामा पुगेर जनताका कुरा सुन्न 'समुदायमा काँग्रेस' अभियान सञ्चालन गरेको छ । काँग्रेसले केन्द्रीय समितिबाट निर्णय गरी माघ १३ गतेदेखि २६ गतेसम्म 'समुदायमा काँग्रेस' अभियान सञ्चालन गरेको हो ।

अभियानका लागि काँग्रेसका पदाधिकारीहरु ७ प्रदेशमा खटिएका छन् भने सदस्यहरूलाई ७७ जिल्लामा प्रतिनिधि तोकिएको छ । 'समुदायमा कांग्रेस अभियान' झापाको मेची पुलबाट शुरु भएको छ । यही अभियानकै क्रममा महामन्त्री गगनकुमार थापाले मेची -महाकाली संवाद यात्रा आरम्भ गरेका छन् । समुदायमा काँग्रेस अभियानअन्तर्गत यात्रा शुभारम्भ कार्यक्रममा काँग्रेसका अर्का महामन्त्री विश्वप्रकाश शर्मा र राष्ट्रिय सभाका सदस्य तथा पूर्वमहामन्त्री कृष्णप्रसाद सिटौला पनि सहभागी रहेका छन् । महामन्त्री थापाले शनिबार बिहान ८ बजे मेचीपुलमा माल्यार्पण गरेर यात्रा शुभारम्भ गरे । पार्टीका कार्यकर्ताहरू र जनताका गुनासा र सुझाव लिन महामन्त्री थापाले संवाद यात्रा थालेका हुन् । संवाद यात्रामा जनताका कुरा सुन्ने, आफ्ना कुरा नभन्ने (भाषणका कार्यक्रम नगर्ने) तयारी छ । महामन्त्री थापाले पार्टीले गर्ने कार्यक्रमसँगै संवाद यात्रा थालनी गरेका हुन् ।



...बाँकी अन्तिम पेजमा

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

# सम्पादकीय

## विश्व कुष्ठरोग दिवसको सन्दर्भ

जनवरी महिनाको अन्तिम आइतबार अर्थात् आज विश्व कुष्ठरोग दिवस । १९५४ देखि हरेक वर्ष जनवरी महिनाको अन्तिम आइतबार यो दिवस मनाइँदै आएको छ । यो वर्ष पनि विभिन्न कार्यक्रम गरेर विश्वभर यो दिवस मनाइँदै छ । नेपालमा हरेक वर्ष २ हजारभन्दा माथि कुष्ठरोगका नयाँ बिरामी पत्ता लाग्ने गरेका छन् । नेपाल सरकारले नि:शुल्क कुष्ठरोगको औषधि उपलब्ध गराउँदै आइरहेको छ । कुष्ठरोग सरुवा रोग भएका कारण परिवारमा वा समुदायमा कसैलाई देखिएमा अरुलाई पनि सर्न सक्छ । कुष्ठरोग सुरुकै अवस्थामा पत्ता लगाउन गाह्रो हुने भएका कारण यसको पहिचानमा कमी भइरहेको चिकित्सकहरूले बताउने गरेका छन् । उनीहरूका अनुसार कुष्ठरोगको सुरुवाती चरण सानो दागबाट हुने भएका कारण धेरैजसोले हेलचेक्र्याइँ गर्ने गरेको पाइन्छ । कुष्ठरोगको समयमै पहिचान भई उपचार हुन नसकेमा बिरामी अपाङ्गता हुनुका साथै उसको ज्यानसमेत जान सक्छ ।

हरेक वर्ष मनाइने कुष्ठरोग दिवसमा विश्वभर कुष्ठरोगको निवारण, न्यूनीकरण तथा प्रभावितप्रति हुने भेदभाव नियन्त्रण गर्ने प्रयास गर्ने गरिएको छ । तर दिवस मनाउन थालेको यतिका वर्ष हुँदासम्म अझै पनि कुष्ठरोगीहरुप्रति गरिने भेदभावमा न कमी आएको छ नत बिरामीहरुको संख्यामा नै । कुष्ठरोगीहरुलाई आफन्तबाट नै बिभेद गरिएको छ । समयै रोगको पहिचान गरी औषधि उपचार गरे निको हुने रोग भए पनि धेरैले यसलाई वेवास्ता गर्ने गरेका छन् । हाम्रो नेपाली समाजलले अझै पनि यो रोगलाई पूर्वजन्मको पाप भएको भन्दै अपमान गर्ने गर्दछन् । यो पूर्व जन्मको पाप होइन, एक किसिमको रोग मात्र हो । जुन औषधि उपचार गरे निको हुन्छ । रोग निवारणमा सरकारले प्राथमिकता नदिँदा संसारकै सबैभन्दा पुरानो मानिएको यो रोगका बिरामी घट्नुको साटो बढिरहेका छन् । यो आफैमा दु:खद हो । नेपालमा कुष्ठरोगको कारण अपांगता, असहाय तथा विपन्न भएकालाई समुचित व्यवस्थापन गर्दै जान सकिएको छैन । कुष्ठरोग समयमै पत्ता लगाई उपचार गरेमा कुरूप तथा अङ्गभङ्ग हुनबाट जोगिनुका साथै रोग निको हुनेमा सन्देह छैन । तसर्थ आमनागरिकहरुमा कुष्ठरोगीहरुप्रति सम्मान र औषधि उपचार गरे निको हुन्छ भन्ने सचेतना जगाउन सकियो भने मात्र यो दिवस मनाउनुले सार्थकता प्राप्त गर्दछ ।

## Opinion @ Social Network


जब बाध्यता का ढोका हरु खोलिन थाल्छन्, तब रहर अनि...
सपनाका झ्याल हरु आफै बन्द हुदा रहेछन ।
*(अमर जोसीको फेसबुक स्टाटस https://www.facebook.com/ammar.joshi.10)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# सहकारी संस्था, साझेदारी फर्म र कम्पनी : अलग कि समान ?



स्वयम्भुनाथ कार्की

*सहकारीमा वा कम्पनी ऐनअन्तर्गत गठन भएका व्यवसायमा भने शेयरधारकको दायित्व आफूले कबोल गरेको शेयरको मूल्यबराबरमात्र हुन्छ अर्थात् दायित्व सिमित हुन्छ । त्यसैले नामको पछाडि अंग्रेजीको लिमिटेड शब्द जोडिएको हुन्छ । यो सूचक हो त्यो संस्था वा कम्पनीको कारोबारमा आइपरेको दायित्व सीमित छ । यसमा संलग्न साझेदारहरूको आर्थिक हैसियत जेजस्तो भए पनि त्यससँगको कारोबारमा आफूले पाउनुपर्ने केही भए त्यो कम्पनीबाट वा संस्थाबाट मात्र पाइन्छ, यसमा संलग्न सदस्यहरूको घरघराना जायजेथाबाट पाइँदैन ।*

सहकारी ऐन २०७४ को दफा ३० ले सहकारी संस्थाको सदस्यता पाउन योग्य हुने योग्यता यसरी तोकेको छ । सोह्र वर्ष उमेर पूरा गरेका नेपाली नागरिकहरू संस्थाको सदस्य हुन सक्नेछन् । उनीहरू त्यो संस्थाको कार्यक्षेत्रभित्र बसोवास गरिरहेको हुनुपर्नेछ । सदस्य हुन चाहनेले संस्थाको कम्तीमा एक शेयर खरिद गरेको हुनुपर्नेछ । उसले संस्थाको विनियममा उल्लिखित शर्त पालना गर्न मञ्जुर गरेको हुनुपर्नेछ । उसले संस्थाको जिम्मेवारी पालना गर्न मञ्जुर गर्नुपर्नेछ । अनि संस्थाले गरेको कारोबारसँग प्रतिस्पर्धा हुनेगरी त्यो सदस्य आकांक्षीको कारोबार हुनुहुँदैन । साझेदारी अर्थात् सहकारीबाहेकका संस्था वा उद्यमको निमित्त भने दुई ऐनमध्ये एक आकर्षित हुन्छ । या त त्यो संस्था वा फर्म साझेदारी ऐनअन्तर्गत गठन हुन्छ या कम्पनी ऐनअन्तर्गत गठन हुन्छ ।

सहकारी ऐन अन्तर्गत गठन भएकाबाहेक अरू व्यावसायिक फर्मले नाममा संस्था राख्न पाउँदैनन् । सहकारीबाहेकमा सदस्यता भनौं वा शेयरधारक भएर साझेदार बन्ने प्रक्रिया अलग अलग किसिमको फर्म वा कम्पनीहरूमा फरक हुने गर्दछन् । साझेदारी फर्ममा साझेदारबीच भएको सहमतिको आधारमा साझेदार हुन्छन् । आपसी सल्लाहमा साझेदार थपिने वा घट्ने पनि हुनसक्छ । यस्ता फर्मको दायित्व भुक्तान गर्नुपर्ने अवस्थामा आफूले कबुल गरेको साझेदारी रकममा मात्र सीमित हुँदैन । आवश्यक परे साझेदारहरूको घरघरानबाट पनि भुक्तानी हुन्छ । सहकारीमा वा कम्पनी ऐनअन्तर्गत गठन भएका व्यवसायमा भने शेयरधारकको दायित्व आफूले कबोल गरेको शेयरको मूल्यबराबरमात्र हुन्छ अर्थात् दायित्व सिमित हुन्छ । त्यसैले नामको पछाडि अंग्रेजीको लिमिटेड शब्द जोडिएको हुन्छ । यो सूचक हो त्यो संस्था वा कम्पनीको कारोबारमा आइपरेको दायित्व सीमित छ । यसमा संलग्न साझेदारहरूको आर्थिक हैसियत जेजस्तो भए पनि त्यससँगको कारोबारमा आफूले पाउनुपर्ने केही भए त्यो कम्पनीबाट वा संस्थाबाट मात्र पाइन्छ, यसमा संलग्न सदस्यहरूको घरघराना जायजेथाबाट पाइँदैन । कम्पनीहरू प्राइभेट र पब्लिकका रूपमा कम्पनी ऐनले वर्गीकरण गरेको छ । शेयरधारकहरूको संख्या प्राइभेट लिमिटेडमा एक सय एकमा सीमित गरिएको छ भने सहकारीमा तथा पब्लिक लिमिटेडमा असिमित सदस्य हुन सक्छन् । साझेदारी फर्ममा र पब्लिक लिमिटेड कम्पनीमा कसलाई हिस्सेदार बनाउने वा नबनाउने भन्ने निर्णय फर्म वा कम्पनीको हुन्छ । अर्थात् साझेदारी खुला हुँदैन । सहकारी तथा पब्लिक कम्पनीमा भने सरकारको नियमको अधिनमा रहेर शेयर जसले पनि लिन पाउँछ । पब्लिक कम्पनीले भने सर्वसाधारमा शेयर आफवान गरेर नै शेयर बाँडफाँड गर्नुपर्दछ । खुला सदस्यताको अवधारणा भए पनि शेयर सदस्य बन्ने प्रक्रिया सहकारीमा जति सहज पब्लिक कम्पनीमा हुँदैन । यस्ता केही भिन्नता भए दुवै व्यावसायिक संरचना नै हुन् दुवै कुनै न कुनै व्यवसाय गर्न गठित भएका हुन् । वित्तीय कारोबार गर्न कम्पनीलाई भने कम्पनी ऐनको परिधिले मात्र पुग्दैन । बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन अनुसार नेपाल राष्ट्र बैंकको पनि अनुमति आवश्यक पर्दछ । यो बन्देज भने सहकारीलाई छैन, केवल बचत तथा ऋण सहकारीको रूपमा सहकारी ऐन अनुसार अनुमति लिएर गठन भए पुग्छ । सहकारी र साझेदारी कम्पनीहरूबीच केही फरक पाइन्छन् ।

**शब्दार्थ :** सहकारी एक स्वेच्छिक संगठन हो जो त्यसका सदस्यहरूलाई सेवा पुर्‍याउँछ भने साझेदारी कम्पनी साझेदारहरूको समाविष्ट उद्यम हो जो स्वेच्छाले भन्दा उद्देश्यले गठन हुन्छ । सदस्य संख्या : सहकारीमा न्यूनतम ३० (बचत तथा ऋणमा १००)देखि असिमित सदस्य हुन सक्छन् । साझेदारी कम्पनीमा प्राइभेट भए अधिकतम १०१ साझेदारमात्र हुन पाउँछन् । पब्लिक कम्पनीमा भने असिमित हुन सक्छन् ।

**पुंजी :** सहकारीमा कम्पनीभन्दा कम पुंजी हुने अवधारणा रहेको छ ।

**व्यवस्थापन :** सहकारीमा सञ्चालक समितिले व्यवस्थापन गर्दछ भने कम्पनीमा निदेशकहरूको बोर्ड अर्थात् बोर्ड अफ डाइरेक्टरले व्यवस्थापन सम्हाल्छ । गठन प्रक्रिया: सहकारी सस्तो र सजिलो तरिकाले छिटो गठन हुनसक्छ भने साझेदारी कम्पनी गठन प्रक्रिया महँगो अलि कठिन र समय लाग्ने हुन्छ ।

**उद्देश्य :** सहकारीले सदस्यहरू तथा समाजलाई सहयोगी वातावरण दिने उद्देश्य राख्छ भने साझेदारी कम्पनीको उद्देश्य नाफा कमाउनु हुन्छ ।

**शेयर हस्तान्तरण :** सहकारीको शेयर सामान्यतया हस्तान्तरण हुँदैन संस्थाले फिर्ता लिन्छ अनि आवश्यक परे संस्थाले नै दिन्छ । पब्लिक कम्पनीमा भने सामान्यतया शेयर कम्पनीले फिर्ता लिँदैन हस्तान्तरण हुन्छ त्यो पनि स्टक एक्स्चेञ्ज मार्फत ।

**समिति सदस्यहरूको पारिश्रमिक :** सहकारीमा सञ्चालक समिति सदस्यहरूले पारिश्रमिक पाउँदैनन् भने साझेदारी कम्पनीको बोर्ड अफ डाइरेक्टरका सदस्यहरूको तलब हुन्छ । भन्न खोजिएको के हो भने सहकारीको प्रबन्धन गर्नेहरू तलबको अधिकारी हुँदैनन् स्वयंसेवक जस्ता हुन्छन् तर कम्पनीका प्रबन्धकहरू स्वयंसेवक हुँदैनन् तलब पाउने अधिकार राख्छन् ।

**कारोबारको क्षेत्र :** सहकारीको कारोबारको क्षेत्र सीमित हुन्छ । यो भौगोलिक सीमितता हुन्छ र गठनको बेला घोषित उद्देश्यभित्र पनि सीमित हुन्छ तर साझेदारी कम्पनीको यस्तो सीमितता हुँदैन । भौगोलिक सीमितता वा उद्देश्यगत सीमितता सामान्यतया हुँदैन । केही कानुनी प्रावधानले अनुमति लिनुपर्ने गरेर रोकेमा त्यो अनुमति प्राप्त गर्न सहकारीलाई भन्दा सहज हुन्छ ।

**मतभार र निमित्त नियुक्ति :** सहकारीको साधारणसभामा एक व्यक्ति एक मतको सिद्धान्त हुन्छ । यसमा सदस्य आफैं उपस्थित हुनुपर्दछ भने साझेदारी कम्पनीमा सामान्यतया शेयरसंख्याको आधारमा मतभार हुने गर्दछ । कम्पनीहरूमा शेयर सदस्यले आफ्नो सहभागिता निमित्तको मार्फत पनि गर्नसक्ने प्रचलन संसारभरि पाइन्छन् । यस्ता भिन्नताले गर्दा नेपालमा सहकारीलाई अर्थतन्त्रको अलग एकाई अर्थात् खम्बा मानेको हो । त्यसअनुसार राज्यले विशेष व्यवहार गरेकै हो । केही वर्ष पहिलेसम्म सहकारीमा अर्जित नाफामा करको सहुलियत पनि पाइने गरेको थियो । वर्तमानमा नाफामा वा लाभांशमा अन्य व्यावसायिक फर्मसरह नै कर लाग्ने गरेको छ । यी सबै कुराले सहकारीको अर्थतन्त्रमा अलग भूमिका त्यो पनि अर्थतन्त्रको तेस्रो खम्बा मान्नुपर्ने गरेर विशेष छ वा छैन भन्ने चर्चा आवश्यक छ । सहकारीले मुलुकको कूल गार्हस्थ्य उत्पादनमा, गार्हस्थ आम्दानीमा गरेको योगदानको मात्रा कति छ ? के यो उल्लेख्य हो ? अनि बचत तथा ऋण सहकारीहरूले बेलाबेलामा सदस्यलाई आर्थिक असुरक्षाको आतंकमा रहन बाध्य पर्ने प्रवृत्ति आममाफीको लायक हो वा होइन ? यस्ता प्रश्नको उत्तर नखोजी नहुने अवस्था आएको छ । उसै पनि साकोसहरू अर्थात् बचततथा ऋण सहकारी संस्थाहरू वित्तीय नीति बनाउने तथा लागू गर्ने नेपाल राष्ट्र बैंकको निर्देशन नियन्त्रणको दायरामा छैन । तर, समग्रमा सबै साकोसहरूको कारोबारको लेखाजोखा गर्ने हो भने निक्षेप संकलन तथा कर्जा लगानीमा हिस्सेदारी अन्य वित्तीय क्षेत्रलाई असर पार्ने गरेर नै छ । राज्यको नियन्त्रण, नियमन तथा निर्देशनको प्रभावकारी संयन्त्रको अभावमा साकोसहरूले गर्ने गरेका गतिविधि आफू खुशीका काम भन्न मिल्ने आधार छन् । उपलब्ध उदाहरणले यो विषय पुष्टि गरेका छन् । सबैलाई एकै डालोमा राखेर यो कुराभन्दा अन्यायपूर्ण हुनसक्छ । हजारौं यस्ता सहकारी छन् जो उचित काम गरिरहेका छन् । आफ्ना सदस्यहरूको सानोसानो निक्षेप र उनीहरूको निमित्त गरिएको सानोसानो लगानीले लक्षित वर्ग लाभान्वित नभएको पनि होइन । यस्ता सहकारीहरूको संख्या समस्याग्रस्त सहकारीको संख्याभन्दा धेरै छ । तैपनि समस्याग्रस्त भएका सहकारीमा रहेको निक्षेपको आकार उनीहरूको भन्दा धेरै छ । यो अनुपात कल्पना नै गर्न नसक्ने गरेर विशाल छ । यस्ता ठूला साकोसहरू राजनीतिक्षेत्रलाई प्रसस्त दबाब दिनसक्ने छन् । सञ्चारक्षेत्र, बौद्धिक क्षेत्र सबैतिर आफ्नो प्रभाव फैलाउन सक्ने छन् । बिस्तारै यी ठूला साकोसहरूका सञ्चालकहरू आफू अनुकुल सबै क्षेत्रलाई प्रभावित गर्न सक्ने र गर्ने शक्तिका रूपमा परिणत हुँदैछन् । यो मुलुकको आर्थिक भविष्यको निमित्त शुभसंकेत पटक्कै होइन । सार्वजनिक, निजी अनि सहकारी भनेर अर्थतन्त्रको तीन खम्बा मानिएको छ । यसलाई संवैधानिकता पनि दिइएको छ । यति महत्वपूर्ण क्षेत्रलाई के बेलगाम छोड्न उपयुक्त हुन्छ त ? अब संविधानत: यो मुलुकको अर्थतन्त्रको एक मुख्य पात्र नै भइसकेको छ । अन्य पात्रसरह यसलाई राज्यको सुरिवेक्षण आवश्यक छैन र ? सार्वजनिक तथा निजी क्षेत्रका वित्तीय संस्थानहरू राज्यको सुपरिवेक्षणमा हु“दा त्यसै समान मानिएको, मान्यता दिइएको सहकारीलाई पनि प्रभावकारी सुपरिवेक्षणमा राख्न आवश्यक छ । यो निजीक्षेत्रकै एक रूप हो वा अलग स्वतन्त्र एकाइ हो । यसबारेमा अब गहन छलफल आवश्यक छ । यसलाई अर्थतन्त्रको अलग खम्बामा सामेल गराउने अभियानकर्ताले यतिका वर्षपछि अब यस खम्बाले मुलुकको अर्थतन्त्रमा कस्तो योगदान दियो विवेचन गर्नु आवश्यक छ । अब विदेशमा भएको सहकारीको सफलताको, योगदानको मात्र चर्चा गरेर पुग्दैन । नेपालका सहकारीका यस्ता उदाहरणहरू खोजिनुपर्दछ त्यो पनि साकोसहरूको । किनभने नेपालमा समस्या भएका सहकारीहरू अपवादबाहेक सबै नै बचत तथा ऋण सहकारी संस्था हुन् । अन्य किसिमका सहकारीको सफलताले पारेको सकारात्मक असर विफलताको नकारात्मक असर तुलना गर्ने हो भने नकारात्मक अत्यन्त न्यून पाइन्छ । तर, साकोसहरूको भने सकारात्मक मात्रा नकारात्मकको भन्दा धेरै कम देखिन्छ ।

***-इहिमालय टाइम्स डटकम***

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ९९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : मनमा शान्ति छाउँनेछ । वैवाहिक जीनव सुख रहनेछ । | **तुला** : आत्मविश्वास र पराक्रममा वृद्धि हुनेछ । बौद्धिकताको विकास हुनेछ । |
| **वृष** : गरेका कार्यमा ढिलासुस्ती हुनेछ । आफूलाई कमजोर भएको अनुभूति हुनेछ । | **वृश्चिक** : मित्रबाट विशेष सहयोग मिल्ने छ । कारोवारमा सफलता पाईएला । |
| **मिथुन** : शुभकार्यको चर्चा चल्नेछ । शत्रुमाथि विजय प्राप्त हुनेछ । | **धनु** : कूटनीतिक नियोगको सहयोग मिल्ला । पुनर्मिलनको योग रहेको छ । |
| **कर्कट** : मित्र वा आफन्तको सहयोग मिल्नेछ । तिर्थाटनको योग पनि छ । | **मकर** : विशेष सहयोग मिल्नेछ । साँझपख शुभ समाचार आउन सक्छ । |
| **सिंह** : विद्या र बुद्धिको विकास हुनेछ । काममा राम्रै फड्कोमार्न सकिनेछ । | **कुम्भ** : विभिन्न अवसर जुराउनेछ । धर्म र कर्ममा मन पनि लाग्नेछ । |
| **कन्या** : दवाब र तनाव बढेको महसुस हुनेछ । परीवारमा खिन्नता बढ्नेछ । | **मीन** : मान प्रतिष्ठामा बृद्धि होला । विपरीत वर्गप्रति आकर्षण बढ्नेछ । |

# कृषि

## सुनजस्तै तनहुँका सुन्तला



तनहुँको म्याग्दे गाउँपालिका -२ उमाचोकका विश्वबहादुर अधिकारीले यो वर्ष सुन्तला बेचेर रु. ७५ लाख आम्दानी गरे । वि.स २०५२ बाट व्यावसायिक रुपमा सुन्तला खेतीमा आबद्ध उनले सुन्तला खेतीबाट मनग्य आम्दानी गरिरहेका छन् । गाउँको भिरालो जग्गालाई सदुपयोग गरी सुन्तला खेती गरेका अधिकारीको सुन्तला बगैँचामा एक हजार तीन सय भन्दा बढी बोट छन् । सबै भन्दा धेरै यही वर्ष सुन्तला उत्पादन भएको अधिकारीको भनाइ छ । उनले भने, 'अन्य वर्ष रु. ६०/७० लाखको उत्पादन भएको छ । यो वर्ष सबैभन्दा धेरै उत्पादन भयो । सुन्तला खेतीका लागि वार्षिक रु. १५ लाख खर्च हुने गरेको अधिकारीको भनाइ छ । उनले भने, 'यो वर्ष खर्च पहिला भन्दा थोरै बढ्छ । यो वर्ष खेताला बढी लगाउनुपरेको र मलखादको प्रयोगका कारण खर्च बढी हुन्छ ।' फलेका सुन्तला सबै टिपिसके पछि सुन्तला बोटको गोडमेल गरिने अधिकारीले बताए । उनले भने, 'सबै सुन्तला टिपिसकेपछि सुन्तलाको बोटमा गोडमेल गर्ने, मल हाल्ने, पिना हाल्ने काम हुन्छ ।

सुन्तला बिक्रीबाट भएको आम्दानीले छोरा इन्जिनियर र छोरी डाक्टर भइसकेको अधिकारीले सुनाए । सुन्तला बगैँचा सुदृढीकरण, गोडमेल, मलखाद व्यवस्थापन, समयमा औषधोपचार गर्न सके सुन्तलाको दाना राम्रो, रसिलो, गुलियो र उत्पादन राम्रो हुने उनको भनाइ छ । सुन्तला बगानसम्म सडक सञ्जाल जोडिएकाले सुन्तला बिक्रीका लागि सहज भएको अधिकारी बताए । उनले भने, 'सुन्तला खरिद गर्न ठेकेदार बगानमा नै आउनुहुन्छ । बजारको कुनै समस्या छैन । विक्री हुँदैन की भन्ने चिन्ता छैन ।' सुन्तला खरिद गर्ने ठेकेदार तुलबहादुर थापाले यहाँ उत्पादित सुन्तला काठमाडौँ लगेर बिक्री गर्ने गरेको बताए । 'म्याग्देको खानीगाउँ, उमा चोकमा सुन्तला राम्रो भएकाले बगान नै ठेक्का लिएर खरिद गर्ने गरेको छु । यहाँ उत्पादित सुन्तलाका दाना राम्रा हुन्छन् । बजारको समस्या छैन ।' देवघाट गाउँपालिका -३ का भीमबहादुर थापाले यो वर्ष रु. ५५ लाखको सुन्तला बिक्री गरेका छन् । विगतमा अधियाँ गरेर खानपर्ने बाध्यता रहेको उहाँको परिवारलाई अहिले सुन्तलाले आत्मनिर्भर बनाएको छ । उनले भने, 'विगतमा केही अन्नबाली उत्पादन नभएर भोकै बस्नुपर्ने बाध्यता रहेका यहाँका किसानले यति बेला सुन्तला बेचेर मनग्य आम्दानी गर्दै आएका छन् । लुङग्रिङमा एउटै घरबाट रु. २० लाख भन्दा बढीको सुन्तला बिक्री भएको छ ।' यी त केही उदाहरणमात्र हुन् । तनहुँमा यो वर्ष किसानले सुन्तला बिक्री गरेर रु. ३० करोड भित्र्याएका छन् । जिल्लामा गत वर्षको तुलनामा यो वर्ष सुन्तला उत्पादनमा वृद्धि भएको कृषि ज्ञान केन्द्रले जनाएको छ । ज्ञान केन्द्रका बागवानी विकास अधिकृत वीरेन्द्र धितालले यो वर्ष करिब रु. ३० करोड बराबरको सुन्तला उत्पादन भएको जानकारी दिए । यो वर्ष तीन हजार सात सय ५० मेट्रिक टन सुन्तला उत्पादन भएको प्रारम्भिक अनुमान छ । कार्यालयका अनुसार गत वर्ष रु. २९ करोड बराबरको सुन्तला उत्पादन भएको थियो । उक्त अवधिमा तीन हजार छ सय २५ मेट्रिक टन सुन्तला उत्पादन भएको थियो ।

प्रत्येक वर्ष जिल्लामा सुन्तला उत्पादन बढेको छ । सुन्तला खेतीबाट मनग्य आम्दानी हुन थालेपछि किसान यस तर्फ आकर्षित हुँदै गएका छन् । जिल्लाका आठ हजार पाँच सय ७० हेक्टर क्षेत्रफलमा सुन्तला खेती विस्तारको सम्भावना रहेको छ । कार्यालयले सुन्तला खेती किसानलाई बगैँचा व्यवस्थापनमा सहयोग गर्दै आएको छ । धितालले भने, 'किसानलाई सुन्तला बगैँचामै पुगेर पनि आवश्यक परामर्श दिइरहेका छौँ ।' उनका अनुसार देवघाट -२ र ३, आँबु खैरेनी-५, म्याग्दी ४, व्यास-७, १३ र १४, भिमाद -८ र ९, बन्दीपुर-३, ऋषिङ -३ र घिरिङमा सुन्तला खेती विस्तारको सम्भावना छ । तनहुँमा उत्पादित अधिकांश सुन्तला काठमाडौँका व्यापारीले लैजाने गरेका छन् । सुन्तला खरिदका लागि व्यापारी बगैँचासम्म पुग्ने गरेका छन् । काठमाडौँका अलवा पोखरा, नारायणगढ लगायत ठाउँमा यहाँको सुन्तला बिक्री हुने गरेको छ । यसका साथै जिल्लाकै दमौली, दुलेगौडा, खैरेनीटार, भिमाद लगायत ठाउँमा समेत यहाँको सुन्तला बिक्री हुने गरेको किसान बताउँछन् । ज्ञान केन्द्रले चालु आर्थिक वर्ष २०८०/८१ मा सुन्तला खेतीमा सहयोग गर्न रु. एक करोड बजेट विनियोजन गरेको छ । कार्यालयले किसानलाई बगैँचा व्यवस्थापनका लागि उक्त रकम सहयोग गर्ने जनाएको छ । जिल्लाका अधिकांश ठाउँमा व्यापारी नै बगैँचासम्म पुगेर सुन्तला खरिद गर्ने गरेका छन् । उमाचोकका अधिकारीले व्यापारीलाई ठेक्कामा दिँदा सहज हुने अनुभव सुनाए । उनले भने, 'सुन्तला बगैँचा नै ठेक्कामा दिँदा बिक्रीका लागि सहज हुन्छ । यसले गर्दा बजार खोज्दै हिँड्नपर्ने समस्या हुँदैन ।'

**ढुवानीमा समस्या झेल्दै किसान**

तनहुँको देवघाट गाउँपालिका -३ स्थित लुग्रिङ, छिपछिपे, छापस्वारा, दगरा लगायत ठाउँमा उत्पादित सुन्तला बजारसम्म ढुवानीका लागि भने प्रत्येक वर्ष समस्या हुँदै आएको छ । ती ठाउँबाट वार्षिक करोडौँ मूल्यका सुन्तला उत्पादन भए पनि बजारसम्म लैजान समस्या हुँदै आएको हो । नदीपारि रहेको लुग्रिङ, छिपछिपे, छापस्वारा, दगरा गाउँलाई राज मार्गसम्म जोड्न त्रिशूली र सेती नदीमा पुल नहुँदा सुन्तला बजारसम्म सुन्तला ढुवानीका लागि समस्या हुँदै आएको सुन्तला किसान भीमबहादुर थापाको गुनासो छ । उनका अनुसार लुग्रिङ र छिपछिपेका किसानले बुद्धसिंह मार्गको नाल्दीघाट र मुग्लिङ -नारागणगढ सडकको गाई घाटसम्म जिपमा ल्याएर त्यहाँबाट बोकाएर झोलुगे पुल तारेर राजमार्गसम्म ल्याउने गरेका छन् । छापस्वाँरा र दगराका किसानले भने ग्राभिटी रोपवे मार्फत बुद्ध सिंह मार्गमा झारेर त्यहाँबाट दमौली हुँदै काठमाडौँ सुन्तला ढुवानी गर्ने गरेको उनले बताए । उत्पादनमा देवघाट जिल्लाकै पकेट क्षेत्रका रुपमा विकास भइरहेको छ । किसान थापाका अनुसार यस वर्ष लुग्रिङ गाउँबाट रु. तीन करोडभन्दा बढीको सुन्तला बिक्री भएको छ । नाल्दी र गाईघाटमा पुल भएको भए ढुवानीका लागि सहज हुने उनको भनाइ छ । उनले भने 'पुल नहुँदा ढुवानीका लागि खर्च हुँदै आएको छ । यसले किसानलाई समस्या भएको छ ।' पुल नहुँदा दगराका किसानले रोपवे मार्फत सुन्तला राजमार्गसम्म झार्ने गरेको सुन्तला उत्पादक किसान हरिकुमार श्रेष्ठको भनाइ छ । उनले भने, 'पुल भएको भए समस्या हुन्थेन, पुल नहुँदा वर्षौं देखि यहाँ उत्पादित कृषिजन्य सामग्री रोपवेमा राखेर राजमार्गसम्म ल्याउनुपर्छ ।' यहाँका स्थानीयवासीले गाउँमा उत्पादित सुन्तला, अदुवा, केरा तथा अन्य फलफूल रोपवेबाट राजमार्गसम्म झार्ने गरेको श्रेष्ठले बताए । दगरा र छापस्वाँराका करिब ६० घरको ढुवानीको साधन नै रोपवे भएको छ । रोपवे हुँदा ढुवानीमा भने सहज भएको कृषकको भनाइ छ । श्रेष्ठका अनुसार सेती नदीमा पुल निर्माण गर्न सके गाउँसम्मै सवारी साधन पुग्ने र त्यसले सहज हुन्थ्यो । देवघाट गाउँपालिकाका अध्यक्ष तिलबहादुर थापाले देवघाट गाउँपालिकाको भौगोलिक बनावटका कारण किसानलाई सास्ती भएको बताए । उनले भने, 'नदीमा पुल नहुँदा ढुवानीमा समस्या भइरहेको छ । नाल्दीघाट, घुमाउने र गाईघाटमा पुल बन्न सके मात्रै किसानलाई सजिलो हुन्छ ।' नाल्दीबाट लुग्रिङसम्म जाने ग्रामीण सडकलाई गाउँपालिकाले सुन्तलामार्ग नामकरण गरी बजेट विनियोजन गरेको छ । यस ठाउँमा पुल निर्माणका लागि सैर्य सरकारलाई ध्यानाकर्षण गराइएको उनको भनाइ छ । गाउँपालिकाले सुन्तला उत्पादक किसानलाई लक्षित गरी सुन्तला नर्सरी स्थापना गर्न रु ३० लाख बजेट विनियोजन गरेको छ । उक्त नर्स रीमा बिरुवा उत्पादन गरेर इच्छुक किसानलाई निःशुल्क वितरण गरिने बताइएको छ । देवघाट गाउँपालिका -१, २, ३ र ४ का विभिन्न भागमा सुन्तला उत्पादन हुन्छ । प्राक्टिकल एक्सन नेपालको आर्थिक सहयोग तथा एन जी ओ नेटवर्क तनहुँको प्राविधिक र समाजिक सयोगमा आर्थिक वर्ष २०६६/६७ मा जिल्लाभर चारवटा सुधारिएको तुइन र चारवटा ग्राभिटी रोपवे निर्माण गरिएको थियो । त्यस मध्येको एक दगरा र छापस्वाँरा जोड्ने रोपवे हो । ***-रासस***

## श्रमदान गरेर बाँझो बगर करेसाबारी



म्याग्दीको मंगला गाउँपालिकाका जनप्रतिनिधि र कर्मचारीले श्रमदान गरेर बाँझो जमिनलाई करेसाबारीमा रुपान्तरण गरेका छन् । मंगला गाउँपालिका -२ बाबियाचौरको माटेबगरमा रहेको बगरमा जनप्रतिनिधि र कर्मचारीले श्रमदान गरेर तरकारी खेती गरेर हराभरा बनाएका हुन् । गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत शिवकुमार पौडेलले व्यायमका लागि फुर्सदको समयमा जनप्रतिनिधि र कर्मचारीले करेसाबारीमा श्रमदान गर्ने गरेको बताए । 'कृषि र प्राविधिक शाखाका कर्मचारीको आवास भवन परिसरको यो बगर पहिले झाडी थियो ।

झाडी फाडेर खनजोत गरी करेसाबारी बनाएका हौं', उनले भने, 'करिब दुई रोपनी क्षेत्रफल बाँझो जमिनमा मौसमी र बेमौसमी तरकारी खेती गरेका छौँ ।'शारीरिक व्यायम, फुर्सदको समय सदुपयोग, उत्पादन वृद्धि र घरायसी तरकारीमा आत्मनिर्भर बन्नका लागि सन्देश प्रवाह गराउन गत वैशाखमा सरुवा भएर आएका प्रमुख प्रशासकीय अधिकृत पौडेलले श्रमदान अभियान सुरु गरेका थिए । अधिकृत पौडेलको अभियानमा गाउँपालिकाका अध्यक्ष सतप्रसाद रोका, उपाध्यक्ष पेमा अधिकारी, वडाध्यक्ष, कार्यपालिका सदस्य, कर्मचारी र बबियाचौरका बासिन्दाले साथ दिएका छन् । फुर्सदको समयमा जनप्रतिनिधि र कर्मचारी कुटो कोदालो हातमा लिएर करेसाबारीमा काम गरेको भेटिन्छन् । बर्खाममा सिमी, लौका खेती भएको थियो । हिउँदमा बन्दा र काउली उत्पादन हुन थालेको छ । प्याज, लसुन, धनियाँ र साग खेती गरिएको छ ।

कार्यालय समय बाहेकको साँझ, बिहानको फुर्सद, शनिबार र अन्य सार्वजनिक बिदाका दिन करेसाबारीमा श्रमदान गर्ने गरिएको कृषि शाखाका प्राविधिक जगत बानियाले बताए । करेसाबारीको डिलतर्फ घेराबार गर्न गाउँपालिकाले रु. ३७ हजार खर्च गरेको छ । अन्य सबै काम श्रमदानबाट गरिएको प्रशासकीय अधिकृत पौडेलले बताए । प्रत्येक शनिबार बिहान ७ देखि १० बजेसम्म श्रमदानका लागि सहभागी हुन आग्रह गरिएको छ । उत्पादन भएको तरकारी जनप्रतिनिधि र कर्मचारीले उपभोग गर्दछन् । घरायसी उपभोगका लागि आफैँतरकारी उत्पादन गर्नुपर्ने सन्देश दिन खोजिएको कृषि प्राविधिक बानियाले बताए । प्रागारिक मलको प्रयोग गरेर तरकारी खेती गरिएको हो । रोग किरा नियन्त्रणका लागि पनि जैविक विषादीको प्रयोग गरिएको करेसाबारीलाई प्रदर्शनीस्थलको रुपमा विकास गर्ने योजना रहेको छ । व्यावसायिक तरकारी खेतीबाट आयआर्जनका अलावा करेसाबारी बनाएर घरायसी उपभोगका लागि तरकारी खरिद घटाउन सकिन्छ । व्यायमका लागि करेसाबारीको काम गर्दा स्वस्थ्य र शारीरिक तन्दुरुस्त हुने अनुभव जनप्रतिनिधि र कर्मचारीले सुनाए ।

**-रासस**

## तरकारी खेतीबाट मनग्य आम्दानी



नवलपरासी 'बर्दघाट सुस्तापूर्व ' को देवचुली नगरपालिका -१६ मा नर्सुल्ला मियाँले व्यावसायिक तरकारी खेतीबाटै मनग्य आम्दानी गर्न सफल भएका छन् । अन्ठाउन्न वर्षीय मियाँ विगत २० वर्ष देखि देवचुलीमा तरकारी खेती गर्दै आएका छन् । बीस वर्ष अघि कामको खोजीमा वीरगञ्जबाट देवचुली अएका मियाँले व्यावसायिक तरकारी खेतीबाटै जग्गाजमिन किनेर परिवारसहित स्थानीय रूपमा यही बसोबास गर्न थालेका हन् ।

बितेको २० वर्षमा तरकारीबाटै मियाँको जीवन धेरै बदलिएको छ भने पारिवारिक स्थिति पनि निकै राम्रो भएको छ । मियाँले भने, 'तरकारी खेतीबाटै मैले जीवनमा प्रगति गरेको हुँ, यही व्यवसायबाट सबै परिवारलाई यही सारेँ, घर घडेरी जोडे अनि चारजना छोराछोरीको पढाइसँगै विवाह पनि उम्काइसकेँ ।' पूर्व-पश्चिम राज मार्गसँगै जोडिएको दुई बिघा जमिनमा खेती गरेका मियाँले वार्षिक तीन याममा तरकारी उत्पादन गर्ने गरेका छन् ।

अहिले काउली, बन्दा, बड्काउली बेच्न भ्याइनभ्याई भएको छ । केही हप्ता अघिसम्म काउलीको मूल्य नपाएर चिन्तित मियाँले अहिले काउली बारीबाटै प्रति किलो रु. २५ मा बेच्नुभएको छ । 'काँक्रो, करेला पनि लगाएको छु, अहिले बेचिरहेको छु, लगाएकामध्ये आठ काको तरकारी बिक्री भइसक्यो', उनले भने, 'यो याममा काउलीको भाउ नआउँदा केही घाटा भयो तर अहिले बजार सुधारियो पूरै घाटा त हुँदैन जस्तो छ ।' वर्ष भरि तरकारी फलाउने र बेच्ने मियाँले नाफा घाटाको हिसाब भने वैशाखमा मात्र गर्ने गरेका छ । एक याममा तरकारी लगाउँदा करिब रु. तीन लाख खर्च लाग्ने गरेको उनले बताए । कुनै याममा लगानी समेत नउठ्ने गरी घाटा हुने गरेको मियाँको अनुभव छ । 'तरकारीको बजारभाउ घटबढ हुनाले सबै सिजनमा नाफै हुन्छ भन्ने हुँदैन', उनले भने, 'एक याममा घाटा भए पनि अर्कोमा त्यसलाई परिपूर्ति गर्ने लक्ष्यका साथ काम गर्ने गरेको छु, त्यसैले आजसम्म टिकेको हुँ ।' आफूले सक्दा सम्म नर्सुल्ला मियाँलाई तरकारी खेतीमा नै रमाउने मन छ । यही व्यवसायबाट राज मार्ग छेउमा १२ का जमिन जोड्न सफल भएका मियाँका छोराछोरी पनि अहिले तरकारी खेतीमा सहभागी भएका छन् । 'मेहनत गरे कृषिक्षेत्रमा राम्रो गर्न सकिन्छ, धैर्य यता र लगनशीलता चाहिन्छ', उनले भने । देशमा सम्भावना नदेखेर युवाहरू विदेशिने क्रम बढिरहेको बेलामा नवलपरासी -बर्दघाट सुस्तापूर्वमा - मियाँ जस्तै किसानले तरकारी खेतीमार्फत वैदेशिक रोजगारीबाट प्राप्त हुनेभन्दा धेरै आम्दानी गरी उदाहरणीय बनेका छन् । त्यसैमध्येका अर्का देवचुली -१६ कै नौसाद मियाँले पनि दुई बिघा जमिनमा तरकारी खेती गर्छन् । वीरगञ्ज घर भएका नौसादको परिवार तरकारी खेतीकै लागि देवचुली आएको हो । उनको बारीमा काउली फलेका छन् । तीन याममा तरकारी फलाउने नौसादले अहिले धान भित्र्याएपछि टमाटर, भिन्डी, घिरौँला लगाउनुभएको छ । उत्पादन भएको तरकारी खरिद गर्न ग्राहक बारीमै आउँछन् । बजारको खासै पिर छैन । 'तीन सिजन तरकारी खेती गर्ने गरेका छौँ, धान काटेर तरकारी लगाउँछौँ', उनले भने, 'तीस मुरी धान फल्छ यही जमिनमा अनि तरकारी लगाउँछौँ, वर्ष भरि खाने अन्न पनि जोहो हुन्छ ।' अघिल्लो सिजनमा लगाएको काउलीको उचित मूल्य नपर्दा मियाँले आधा नै घाटा बेहोर्नुपर्यो । अबको उत्पादनले भने राम्रो आम्दानी हुने मियाँले आशा राखेका छन् । तरकारीले लागत अनुसारको मूल्य पाए सबै खर्च कटाएर एक सिजनमा रु. ६० हजारसम्म बचत हुने उनको अनुभव छ ।

तरकारी खेतीबाटै नौसादको घरपरिवार राम्रोसँग चलेको छ । 'कहिलेकाहीँ ठीकठीकै हुन्छ, कहिलेकाहीँ घाटा पनि हुन्छ, आत्तिनु भएन', उनले भने, 'एक याममा रु. छ -सात लाखको कारोबार हुन्छ ।' तरकारी खेतीबाटै नौसादले छोराछोरीको पठनपाठन, औषधी उपचार लगायतको घर खर्च राम्रोसँग चलाउँदै आएका छन् । उत्पादन भएको तरकारी स्थानीय बजारसँगै नारायणगढ, पोखरा, काठमाडौँ निर्यात हुने गरेको उनले बताए । 'वर्षौं देखि व्यावसायिक तरकारी खेती गरे पनि सरकारले भने आवश्यकता अनुसार सहयोग गरेको छैन', उनले भने, 'सरकारले दिने अनुदान वास्तविक किसानसम्म आउनै सकेको छैन ।' **- रासस**

# भगवती जात्रालाई राष्ट्रिय उत्सवका रुपमा घोषणा गर्न माग





**पाल्पा,** माघ १३/ ऐतिहासिक भगवती जात्रालाई राष्ट्रिय विजय उत्सवको रूपमा घोषणा गर्न पाल्पालीले सरकार समक्ष माग गरेका छन् । उनीहरुले नेपाल-अँग्रेज युद्धमा तत्कालिन पाल्पाली कमाण्डर कर्णेल उजिरसिंह थापाले अंग्रेज फौजलाई हराउन सफल भएपछि पाल्पामा हरेक वर्ष भाद्र कृष्णनवमीको दिन मनाइने विजय उत्सव स्वरुप भगवती जात्रा (रथयात्रा)लाई राष्ट्रिय उत्सवका रुपमा घोषणा गर्न सरकार समक्ष माग गरेका हुन् ।

पाल्पालीको प्रतिनिधित्व गर्दै तानसेन नगर सरकार, भगवती गुठी व्यवस्थापन समिति, संघीय, प्रदेश सांसद, जिल्लाका राजनीतिक दल, समाजसेवी लगायतको टोलीले प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डलाई भेटेर ऐतिहासिक भगवती जात्रालाई राष्ट्रिय विजय उत्सवको रूपमा घोषणा गर्न माग गरेका छन् । भगवती जात्रा राष्ट्रिय एकतासँग जोडिएको विषय भएकाले त्यसलाई राष्ट्रिय रुपमै मान्यता दिनुपर्ने भन्दै उनीहरुले प्रधानमन्त्रीलाई माग पत्र बुझाएका हुन् । टोलीले भगवती जात्रालाई राष्ट्रिय पर्व घोषणा गर्दै राष्ट्र प्रमुख वा सरकार प्रमुख जात्रामा सहभागी हुने व्यवस्था गर्न प्रधानमन्त्रीलाई आग्रह गरेका छन् । प्रधानमन्त्री प्रचण्डले पाल्पालीको मागलाई सम्बोधन गर्न पहल गर्ने आश्वासन दिएका छन् । भगवती जात्रालाई पाल्पाली जनताको माग अनुसार राष्ट्रिय पर्वको रूपमा घोषणा गर्न पहल गर्ने उनको भनाई छ । टोलीले राष्ट्रपति रामचन्द्र पौड्याललाई पनि भेटेर भगवती जत्रामा राष्ट्र प्रमुख वा सरकार प्रमखको अनिवार्य उपस्थित हुनुपर्ने व्यवस्था गरिदिन आग्रह गरेको छ । सन् १८७१/७२ मा अंग्रेजहरुले नेपालमा चौतर्फी आक्रमण गरेपछि भगवती देवीको सहयोगमा लडाई जितेका काजी अमर सिंह थापाका नाति कर्णेल उजीरसिंह थापाले भगवतीको रथयात्रा निकालेको किम्बदन्ती रहेको छ । त्यसयता प्रत्येक वर्ष पाल्पाको तानसेनमा जात्रा मनाउने गरिएको हो । श्री ७ रणउजिरेश्वरी भगवती गुठी व्यबस्थापन समितिले ऐतिहासिक भगवती जात्रा (रथयात्रा) निकाल्ने गरेको छ । यो जात्रालाई राष्ट्रिय महत्वका रुपमा सबैले लिने गरेका छन् । लुम्बिनी प्रदेश सरकार र स्थानीय सरकार तानसेन नगरपालिकाले समेत राष्ट्रिय गौरवको रुपमा रहेको भगवती जात्राका दिन सार्वजनिक विदा दिदैंको आएको छ । ऐतिहासिक जात्रालाई राष्ट्रव्यापापी बनाउन देशभर सार्वजनिक विदा दिनुपर्ने विषय जनस्तरबाटै व्यापक रुपमा उठ्दै आउनुको साथै पाल्पा र लुम्बिनीको मात्र विजय उत्सव नभएकाले यसलाई राष्ट्रिय रुपमै मनाउन भन्दै पाल्पालीले सरकार समक्ष आग्रह गरेका हुन् ।

## खेलकुद समाचार

# पीएम कप : बागमती प्रदेश ६ विकेटले विजयी




**काठमाडौं,** माघ १३/प्रधानमन्त्री कप एक दिवसीय राष्ट्रिय प्रतियोगितामा बागमती प्रदेशले लुम्बिनीलाई ६ विकेटले पराजित गरेको छ । लुम्बिनी प्रदेशले दिएको १ सय ७ रनको सामान्य लक्ष्य बागमतीले १७.२ ओभरमा चार विकेट गुमाएर पूरा पूरा गरेको हो ।

बागमतीका लागि इशान पाण्डेले ५० रन, कप्तान रित गौतमले २४, आशुतोश घिरैयाले १४, रविन जोशीले ७ र रन बनाए भने १२ रन अतिरिक्त पायो । लुम्बिनीका निर्मल गुरुङले २, कृष्ण कार्की र अभिषेक गौतमले एक/एक विकेट लिए । यसअघि कीर्तिपुरको मैदानमा टस हारेर ब्याटिङको निम्तो पाएको लुम्बिनीले ३२.२ ओभरमा अलआउट हुँदै १ सय ६ रनमात्रै बनाएको थियो ।

लुम्बिनीका लागि कप्तान सुशान्त थापाले २८, निर्मल गुरुङले २७, प्रज्वल थापाले १४, विराट भण्डारीले १३, रन बनाए । अन्य ब्याटरले दोहोरो अंक जोड्न सकेनन् । लुम्बिनीलाई सस्तैमा समेट्ने क्रममा बागमतीका सूर्य तामाङ एक्लैले ६ विकेट लिए भने विपिन आचार्यले २ तथा प्रतिज जिसी र क्रिजन गुरुङले एक/एक विकेट लिए । यो जितसँगै बागमतीले सबै ९ खेल खेलेर बागमतीले १२ अंक जोडेर दोस्रो स्थानमा छ । नेपाल प्रहरी क्लबको पनि १२ अंक छ । तर, रनरेटका आधारमा पहिलो स्थानमै कायम छ । ६ खेलबाट २ अंक जोडेको लुम्बिनी नवौं स्थानमा रहेको छ ।

## कर्पोरेट/अर्थ समाचार

# नागरिक सहकारीको अध्यक्षमा पुन: झमन



**पाल्पा,** माघ १३/श्री नागरिक बहुउद्देश्यीय सहकारी संस्था तानसेनको अध्यक्षमा पुन: झमनबहादुर राजमगर निर्विरोध निर्वाचित भएका छन् । संस्थाको शनिबार तानसेनमा भएको चौथो वार्षिक साधारण सभा तथा दोस्रो अधिवेशनले झमनलाई पुन: अध्यक्षमा चयन गरेको हो ।

यस अघि संस्थागत विकासमा महत्वपूर्ण योगदान पुऱ्याएका कारण उनलाई फेरी अध्यक्षको जिम्मेवारी दिइएको छ । अधिवेशनले संस्थाको उपाध्यक्षमा पुरुषोत्तम अर्याल, सचिवमा देवी भट्टराई, कोषाध्यक्षमा शान्ति झेडी थापा, सह- सचिवमा अमन प्रसाद श्रेष्ठ रहेको सहकारीका व्यवस्थापक डोलराज अर्यालले बताए । उनका अनुसार सदस्यहरुमा थानबहादुर कुंवर, सुमन पछाई, सरस्वती शर्मा, टंक न्यौपाने, गिरीजा गैरे र हलिदिन मियाँ रहेका छन् । यस्तै लेखा सुपरिवेक्षण समितिको संयोजकमा लोकनाथ अधिकारी चयन भएको व्यवस्थापक अर्यालले बताए । उनका अनुसार शिक्षा र ऋण उपसमितिको सदस्यहरु समितिको पहिलो बैंठकले चयन गर्ने छ । सहकारीले सोही अवसरमा कर्मचारी र संस्थाको विकासमा महत्वपूर्ण योगदान पुऱ्याउने व्यक्तित्वहरुलाई सम्मान समेत गरेको छ । उसले सहकारीका परिकल्पनाकार वीरबहादुर राना, झपेन्द्र गहिरे, दानबहादुर पछाई, शिवचन्द्र खनाल, राधेश्याम ज्ञवाली, विष्णु बमरेल, बेदराम श्रीस, शारदा नेपाल, तेजाब गहतराज, लिलाधर अर्याल, जगदीश भट्टराई, हिमालदत्त श्रेष्ठ, मुक्तिराम जिसीलाई सम्मान गरेको छ । यस्तै सहकारीले कर्मचारीहरुलाई पनि सम्मान गरेको छ । उसले व्यवस्थापक डोलराज अर्याल, सिर्जना गैरे तिमिल्सीना, धनिश्वरा चिदी, मैना कुमारी सारुलाई सम्मान गरेको हो । २०७६ सालमा स्थापना भएको सहकारीले आर्थिक वर्ष २०७९/८० मा १५ करोड ८७ लाख ७ हजार ९ सय ६३ बराबरको कारोबार गरेको छ ।

# कविता संग्रह 'उल्टो धार' लोकार्पण

**कृष्ण पोखरेल**

**पाल्पा,** माघ १३/'उल्टो धार' नामक कविता संग्रहको लोकापर्ण भएको छ । साहित्यकार आर.वी. निश्चलद्धारा लिखित कविता संग्रहको पाल्पा सदरमुकाम तानसेन स्थित धवल पुस्तकालयमा शनिबार वरिष्ठ साहित्यकार एवं गजलकार बुद रानाले लोकापर्ण गरेका हुन ।




१ सय १८ पेजको कविता संग्रह भित्र ३ खण्डमा ४८ वटा कविताहरु रहेका छन् । कविता संग्रहको मूल्य ४ सय राखिएको छ । कवि निश्चलको मौन हिमालबाट शुरु भएको साहित्यिक यात्रा उल्टो यात्रासम्म आईपुगेको हो । संग्रह लोकार्पण गर्दै बरिष्ठ साहित्यकार रानाले आर.वी. निश्चलले उल्टोधारबाट जीवनमा सत्यता खोज्ने अभियानमा लागेको बताए । उनले भने,'हामी सबै नेपालीलाई ज्युँदो भएर बाच्न कविता मार्फत अनुरोध गरेको छ, समाजमा केही न केही योगदान गरेर समाज, देशका लागि केही गरेर बाच्नु पर्ने अन्यथा बाचेर पनि मानिसको जीवन मरेतुल्य हुने कुरा कवितामार्फत व्यक्त गरिएको छ ।' कार्यक्रममा समिक्षक डा. शंकर प्रसाद गैरेले कविता सङ्ग्रह समिक्षा गर्दै कविताहरुले दिन खोजेका सन्देश, चेतना, हालको सामाजिक, धार्मिक अवस्थाको बारेमा चर्चा गरे ।

अहिलेको २१ औं शताव्दीमा पनि जातिय विभेद गरेर समाजमा उच्च व्यक्ति कहलाउनेहरु उल्टो धारमा हिडिरहेको विषयलाई कवितामा जोड दिएको समिक्ष गैरेले बताए । कवि निश्चलले हिन्दु धर्मको गलत प्रचार गरेर विभिन्न व्यक्ति, शासक केही वर्ग उल्टोधारमा हिडिरहेको अवस्थालाई सच्चाउनुपर्छ र जातियताका कुरा गरेर समाजलाई उल्टो बाटो हिडाउनेहरु सचेत गराउनुपर्छ भन्ने अभिप्रायले कविता संग्रहको ल्याएको बताए । कार्यक्रममा साहित्यकारहरु तिलक लामिछाने, राम प्रसाद अर्याल, मन गहिरे लगायतले कविले साहित्य क्षेत्रमा गरेको योगदान, विगत देखी अहिले सम्मका साहित्यिक यात्रा र उल्टोधारका बारेमा चर्चा गरेका थिए । कार्यक्रममा साहित्यकार महेन्द्र पन्थी, आयाम कार्की लगायतले उल्टोधारमा प्रकाशित कविताहरु बाचन गरेका थिए । धवल पुस्तकालयका अध्यक्ष युवराज पौडेलको अध्यक्षता, सचिव टंक पन्थको स्वागत र महासचिव राजेश कुमार अर्यालको सञ्चालनमा लोकापर्ण कार्यक्रम भएको थियो ।

# शीत कृति 'आहा'को लोकार्पण

**पाल्पा,** माघ १३/शीत कृति 'आहा'को लोकार्पण गरिएको छ । अलौकिक कवि देशभक्त सिंह कुँवरद्वारा लिखित कृतिको एक कार्यक्रमकाबिच पोखरामा लोकार्पण गरिएको हो ।



संघीय सांसद श्याम राजा महत, पृथ्वीनारायण क्याम्पस पोखराका पूर्व क्याम्पस प्रमुख जर्ज जोन र शीत परिकल्पनाकार पुष्कर अथक रेग्मीले संयुक्त रूपमा कृति लोकार्पण गरेका हुन् । अलौकिक कवि देशभक्त सिंह प्रतिष्ठानद्वारा प्रकाशित कृतिभित्र १ हजार ४ सय १४ वटा शीत संग्रह प्रकाशित गरिएको छ । कृति प्रकाशितसँगै लेखक कुँवर ईश्वरको रूपमा प्रतिष्ठापित भएका छन् । उनलाई प्रमुख अतिथि महत, शीतका परिकल्पनाकार रेग्मी लगायतले चौथो शीत ईश्वरको रूपमा दोसल्ला र सम्मानपत्रद्वारा अभिनन्दित गरे । शीतको नियम संरचना अनुसार १ हजार ८ भन्दा बढी शीत लेखी प्रकाशित गर्ने साधकलाई शीत ईश्वरको पदवीद्वारा विभूषित गरिन्छ । यसअघि प्रथम:शीत ईश्वर कृष्ण के सी ,द्वितीय शीत ईश्वर इन्दिरा ज्ञवाली पौडेल र तृतीय शीत ईश्वर शारदा ज्ञवाली ढकाल भइसकेका छन् । कृति प्रकाशित गर्ने शीत साधकहरूमा देवेन्द्रराज शाक्य , लव जोशी, धर्मी शाक्य , शोभा गौतम र पुष्कर अथक रेग्मी रहेका छन् । हालसम्म शीत काव्यको क्षेत्रमा ९ वटा शीत काव्य कृति प्रकाशित भइसकेका छन् भने पत्र पत्रिका संगालो एवं सामाजिक सञ्जालहरूमा थुप्रै शीत काव्यहरू प्रकाशित भएका छन् । समारोहमा शीत परिकल्पनाकार रेग्मी, गायककार रामभक्त जोजु, न्यायिक व्यक्तित्व भूपनीधि पन्त, शिक्षासेवी तोयनाथ लामिछाने, गीतकार विश्वराज रसाइली, गायिका सबिता सुनाम, समाजसेवी विश्वमोहन गौचनदर विजय सुवेदीलाई समेत पदकबाट सम्मान गरिएको छ । कार्यक्रममा प्रा. डा. यमबहादुर पौडेलले कार्यक्रमको औचित्यता, शीत कृति आहा र शीत काव्यको सम्बन्धमा चर्चा गरेका थिए । कार्यक्रममा शिक्षाविद एवं साहित्यकार क्षेत्र बहादुर कुँवर, प्रेमराज अधिकारी, ढाका भट्टराई, यादव भूर्तेल, ढाका थापा, सुरेन्द्र थापा, तिलक पराजुली, म्याक गुरूङ, रीता पहारी, नारायण कोइराला, दिलिप राई, असफल गौतम,नवीन गुरूङ लगायतका साहित्यकार/ कलाकार/ अभियन्ताहरूको उपस्थिति रहेको थियो । कार्यक्रममा तोयनाथ लामिछाने, विश्वमोहन गौचन,जर्ज जोन, पुष्कर अथक रेग्मी लगायतले कृतिको सफलताको शुभकामना व्यक्त गरेका थिए । कार्यक्रम प्रा .डा. कृष्ण बहादुर केसीको अध्यक्षता, देवेन्द्र ठकुरीको सञ्चालनमा कार्यक्रम भएको थियो ।

# समुदायमा काँग्रेस...

...थापाको संवाद यात्रा काँग्रेसका नेता-कार्यकर्ता मात्र भेट्ने नभएर आमनागरिकसँग संवाद गर्ने भएकाले सबैसँग संवाद गर्ने कार्यक्रम रहेको थापाको सचिवालयले जनाएको छ ।

संवाद यात्राका लागि महामन्त्री थापा झापा, मोरङ, सुनसरी, सप्तरी, सिराहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा, पर्सा, चितवन, नवलपुर, नवलपरासी, रुपन्देही, कपिलवस्तु, दाङ, बाँके, बर्दिया, कैलाली र कञ्चनपुर पुग्ने कार्यक्रम रहेको छ । संवाद यात्रा माघ २६ गते सकिने छ । 'स्थानीयका धेरै कुरा सुन्ने, आफूले कम बोल्ने' नीति नेता थापाले अवलम्बन गर्नेछन् । नेताहरु चर्काचर्का भाषण गर्ने तर जनताका बेथा के कस्ता छन् त भन्ने केही जानकारी लिन नखोज्ने भएकाले गर्दा पनि समुदायमा काँग्रेस अन्तर्गत थापाले संवाद यात्रा थालेको थापाको सचिवालयले जनाएको छ । वडा-वडा तहमै भेला भएको सानो समूहमै रहेर स्थानीयका भित्री पाटो र काँग्रेसको अवस्था गहन रुपमा बुझ्ने अवसर गगनलाई हुनेछ । यसले स्थानीयका पीरमर्का र चाहना बुझ्दा भोलिका दिनमा योजना बनाउन सजिलो हुनेछ भने काँग्रेसबारेको अवधारणा बुझ्दा काँग्रेस कहाँनेर अब्बल र सुधार गर्नुपर्ने विषय के छ त भन्ने बारे समेत बुझ्न सहज हुनेछ ।

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।



जनचेतना दैनिकको आधिकारीक वेबसाईट
शितलपाटी .कम
www.shittalpati.com
डिजिटल पत्रिका



कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:भगवतीटोल-३,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक:जगदीशप्रसाद भट्टराई